# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, जेठ २५ गते २०५५ साल (संख्या ८

## भाग ४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

पुनरावेदन अदालत, धनकुटाका रजिष्ट्रार श्री पद्मलाल चौधरीको सेवा अवधि ३० वर्ष पूरा भई थप गरिएको २ वर्षको सेवा गर्ने अवधिसमेत २०५५।२।३ मा पूरा हुने भएकोले श्री ५ को सरकारको मिति २०५५।१।२९ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (२) बमोजिम निजको उमेर ५८ वर्ष ननाघ्ने गरी मिति २०५५।२।४ तदनुसार सन् १९९८ मे १८ देखि २०५६।११।१२ तदनुसार सन् २००० फेब्रुअरी २६ सम्म १ वर्ष ९ महिना ८ दिन सेवा गर्ने अवधि थप गरिएको छ।

आज्ञाले,
विश्वमंगल आत्रेय
उप-सचिव

६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।१।७ को निर्णयानुसार यस सचिवालयका शाखा अधिकृत श्री नारायणबहादुर श्रेष्ठको सेवा अवधि ३० (तीस) वर्ष पूरा भई पटक-पटक गरी दुई-दुई वर्ष थप गरेको सेवा अवधिसमेत समाप्त भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (२) बमोजिम मिति २०५५।१।९ देखि लागू हुने गरी पुनः १ (एक) वर्षको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
श्रीमान श्रेष्ठ
विशेष सचिव

६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार